# नेपाल उद्योग वाणिज्य महासंघको ६० औं वार्षिक साधारण सभा र

## निर्वाचन कार्यक्रम सम्बन्धी सूचना

२०८२ चैत्र २९-३० गते बस्ने यस महासंघको ६० औं वार्षिक साधारण सभाले गर्ने निर्वाचन सम्बन्धमा उपाध्यक्षहरु र कार्यकारिणी समितिका सदस्यहरुको निर्वाचन गर्ने वारे यस अघि नै महासंघको सचिवालयबाट परिपत्र र सूचना पठाई सकिएको छ । निर्वाचन अधिकृतबाट देहाय बमोजिम निर्वाचन कार्यक्रम तालिका तय भएकोले महासंघका सबै सदस्य संघ/संस्थाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | | |
|---|---|---|
| १. | मतदान गर्न पाउने सदस्य संघ संस्थाहरुको नामावली प्रकाशन | मिति २०८२/१२/१७ गते ५:०० बजे |
| २. | मतदान गर्न पाउने सदस्य संघ संस्थाहरुको नामावली उपर दावी विरोध | मिति २०८२/१२/१८ गते ११ बजे देखि मिति २०८२/१२/१८ गते दिनको १४:०० बजे सम्म |
| ३. | मतदान गर्न पाउने सदस्य संघ संस्था विरुद्ध परेको दावी विरोध उपर छानविन गरी संशोधित नामावली प्रकाशन | मिति २०८२/१२/१८ गते १७:०० बजे |
| ४. | उम्मेदवार हरुको मनोनयन पत्र दाखिला | २०८२/१२/२२ गते साँझ १७:०० बजे सम्म |
| ५. | उम्मेदवारको प्रारम्भिक सुची प्रकाशन | मिति २०८२/१२/२२ गते साँझ १९:०० बजे |
| ६. | सक्कल कागजात प्राप्त भए पश्चात सो प्रमाणहरुको आधारमा उम्मेदवारहरुको दोश्रो सूची प्रकाशन | मिति २०८२/१२/२६ गते साँझ १९:०० बजे |
| ७. | उम्मेदवारको मनोनयन पत्र उपर दावि विरोध | मिति २०८२/१२/२७ गते ११ बजे देखि दिनको १४:०० बजे सम्म |
| ८. | मनोनयन पत्र उपर परेको दावि विरोध उपर छानविन र सो पश्चात सूची प्रकाशन | मिति २०८२/१२/२७ गते १५:०० बजे |
| ९. | मतदान गर्न पाउने सदस्य संघ संस्थाका प्रतिनिधिहरुको सूची प्रकाशन | मिति २०८२/१२/२८ गते १०:०० बजे |
| १०. | मतदान गर्न पाउने सदस्य संघ संस्था प्रतिनिधि उपरको दावि विरोध र छानबिन एंव निर्णय | मिति २०८२/१२/२८ गते ११ बजे देखि अपरान्ह १४:०० बजे सम्म |
| ११. | मतदान गर्न पाउने सदस्य प्रतिनिधिहरूको अन्तिम सूची प्रकाशन | मिति २०८२/१२/२८ गते १७:०० बजे |
| १२. | उम्मेदवारले मनोनयन फिर्ता लिने | मिति २०८२/१२/२७ गते १५:०० बजे देखि १७:०० बजे सम्म |
| १३. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | मिति २०८२/१२/२७ गते १८:०० बजे |
| १४. | निर्वाचन | मिति २०८२/१२/३० गते विहान ८:०० बजे देखि दिउँसो १६:०० बजे सम्म |
| १५. | मत गणना | मतदान समाप्त भएपछि |
| १६. | निर्वाचन नतिजाको घोषणा | मतगणना समाप्त भएपछि |

नोट :

१. मतदाता सूचीमा समावेश भएको तर तोकिएको मितिसम्म नवीकरण गर्न नभ्याउने सदस्य संघ/संस्था लाई नवीकरण दस्तुर बुझाई आ.व. २०८२/०८३ सम्मको नवीकरण गर्ने समय मिति २०८२ साल चैत्र २७ गते दिनको ५:०० बजे सम्म कायम गरिएको छ । सो समय सम्म पनि नवीकरण नगर्ने सदस्य संघ/संस्थाले मतदाता सूचीमा नाम भए पनि मतदानमा भाग लिन पाउने छैन ।

२. माथि प्रकरण नम्बर १ देखि १३ सम्मको निर्वाचन कार्यक्रम महासंघको सचिवालय, टेकु, काठमाण्डौमा र प्रकरण नं. १४ देखि १६ सम्मको निर्वाचन कार्यक्रम महासंघको साधारण सभा हुने स्थान नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी , काठमाण्डौमा सम्पन्न हुनेछ ।

३. प्राविधिक कारणले प्रकाशित कार्यक्रम अनुसारको समयमा कुनै कार्यक्रम सम्पन्न हुन नसकेमा निर्वाचन समितिले तत्काल अर्को सूचना प्रकाशित गर्नेछ । प्रकाशित कार्यक्रम अनुरूप कुनै दिन सार्वजनिक बिदा परेमा पनि तोकिएको कार्य सम्पन्न गरिने छ ।

४. **उम्मेदवारीको मनोनयन पत्र दर्ता गर्दा मनोनयन पत्रको साथमा देहाएका कागजातहरु अनिवार्य पेश गर्नु पर्ने छ :**

क) मनोनयन पत्र मिति २०८२/१२/२२ गते दिनको १७:०० बजे सम्म दर्ता गराउन सकिने छ ।

ख) सम्वन्धित सदस्य संघ र संस्थाको तर्फबाट उम्मेदवारी मनोनयन गर्न चाहनेले सम्वन्धित सदस्य संघ र संस्थाको कार्यकारिणी समिति र सञ्चालक समितिबाट उम्मेदवारी खडा गर्ने विषयमा भएको निर्णयको प्रमाणित प्रतिलिपि र फोटो ।

ग) उपाध्यक्ष एवं कार्यकारिणी समितिको सदस्य पदमा उम्मेदवारी मनोनयन दर्ता गर्न चाहनेले महासंघको विधान तथा नियमावली बमोजिम योग्यता रहेको देखिने कागजपत्रको प्रमाणित प्रतिलिपि ।

घ) एशोसिएट सदस्यको तर्फबाट उम्मेदवारी दर्ता गर्न चाहनेले फोटो सहितको परिचयपत्र र मुख्य प्रतिनिधिको रुपमा छनोट भएको निर्णयको प्रमाणित प्रतिलिपि ।

ङ) दावी बिरोध उजुरी गर्दा पुष्टि हुने प्रमाण सहित गर्नु पर्ने छ ।

च) उम्मेदारको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

५. प्रस्तुत कार्यक्रम अनुसारको निर्वाचन सम्पन्न भई सपथ तथा पद बहाल भई सके पछि कार्यकरिणी समितिका निर्वाचित पदाधिकारी सदस्यहरुको मतदान मार्फत वरिष्ठ उपाध्यक्ष र सम्पूर्ण कार्यकारिणी समिति गठन भए पश्चात कायम कार्यकारिणी समितिका सदस्यहरु मध्येवाट कोषाध्यक्ष र महिला उपाध्यक्षको निर्वाचन हुनेछ ।

६. अन्य विषयमा जानकारी चाहिएमा महासंघको वेबसाइटमा हेर्न र निर्वाचन समितिमा सम्पर्क गर्न हुन समेत सूचित गरिन्छ ।

सुमन कुमार के.सी.
निर्वाचन अधिकृत
नेपाल उद्योग वाणिज्य महासंघ

चन्द्र मणि निरौला
निर्वाचन अधिकृत
नेपाल उद्योग वाणिज्य महासंघ

लीलामणि पौडेल
मुख्य निर्वाचन अधिकृत
नेपाल उद्योग वाणिज्य महासंघ

समय: दिनको १६:०० बजे
मिति : २०८२ साल चैत्र १२ गते रोज ०५ मा ।